प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश, पोखरा

प्रदेश निजामती सेवा अन्तर्गत पाँचौं तहका (प्राविधिक/अप्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. २०१/२०८३-८४ **मितिः-२०८३/०८/०९**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ र ३६ बमोजिम सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८३/०९/१४ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

ज्येष्ठताको गणना गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ६५ बमोजिम हुनेछ। दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्वन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः

१. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ र दफा १९ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने।

२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने।

३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।

४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्ने।

५. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने।

६. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरू गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६ बमोजिम हुनेछ।

७. बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२, दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ५७, ५८,५९ र ६५ बमोजिम हुनुपर्ने।

८. बढुवा सम्वन्धी अन्य व्यवस्था गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ बमोजिम हुने।

(क) ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा

क्र.सं.	बढुवा सूचना नं.	पद, सेवा, समूह, उपसमूह	पद संख्या
१.	६०/२०८३-८४	सब-इन्जिनियर, प्रदेश इन्जिनियरिङ., सिभिल, स्यानिटरी	१
२.	६१/२०८३-८४	बरिष्ठ प्रशासन सहायक, प्रदेश प्रशासन, प्रशासन	१
३.	६२/२०८३-८४	बरिष्ठ लेखा सहायक, प्रदेश प्रशासन, लेखा	१
४.	६३/२०८३-८४	महिला विकास निरीक्षक, प्रदेश प्रशासन, विविध	१
५.	६४/२०८३-८४	हेल्थ असिष्टेन्ट, प्रदेश स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	१
६.	६५/२०८३-८४	ल्याव टेक्निसियन, प्रदेश स्वास्थ्य,मे.ल्या.टे., ज.मे.ल्या.टे.	१

(ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा

क्र.सं.	बढुवा सूचना नं.	पद, सेवा, समूह, उपसमूह	पद संख्या
१.	६६/२०८३-८४	बरिष्ठ प्रशासन सहायक, प्रदेश प्रशासन, प्रशासन	१
२.	६७/२०८३-८४	पशु स्वास्थ्य प्राविधिक, प्रदेश कृषि, भेटेरिनरी	१
३.	६८/२०८३-८४	हेल्थ असिष्टेन्ट, प्रदेश स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	१

दरखास्त दस्तुर रु.	रू. ७००/- (सात सय रुपैँया)
दरखास्त दस्तुर बुझाउने स्थानः	राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००
कार्यालय कोडः	२१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश)
राजस्व शीर्षक नं.	१४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने ।

नोटः ***https://revenue.fcgo.gov.np*** *बाट भौचर Generate गरी अनलाइन मार्फत भुक्तानी गर्न समेत सकिनेछ । यसरी भुक्तानी गरिएको भौचर प्रिन्ट गरी आफैले प्रमाणित गरी दरखास्तमा संलग्न गर्नुपर्नेछ।*

प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश, पोखरा

स्थानीय सेवा सहायक पाँचौ तहका प्राविधिक/अप्राविधिक पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. २०२/२०८३-८४ **मितिः- २०८३/०८/०९**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३३ र ३४ बमोजिम बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८३/०९/१४ गते सम्ममा दरखास्त दिनुहुन सूचित गरिन्छ । जेष्ठताको गणना स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३६ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ६० बमोजिम हुनेछ। यसमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १० को उपदफा (१४) बमोजिम गण्डकी प्रदेश भित्रका स्थानीय तहका कर्मचारीहरू सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्वन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १९ र दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने ।
२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर उल्लेख गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र गण्डकी प्रदेश भित्रको स्थानीय तहमा समायोजन भएको पत्र पेश गर्नुपर्ने ।
५. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३३ (१) (ग) बमोजिम स्वास्थ्य सेवा बाहेक अन्य सेवाको हकमा तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने ।
६. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरू स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३४ बमोजिम हुनेछ।
७. बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३०, दफा ३६(४) र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ५३, ५४, ५५ र ६० बमोजिम हुनुपर्ने।
८. बढुवा सम्वन्धी अन्य व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र नियमावली, २०८० बमोजिम हुनेछ।

(ग) ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा

क्र.सं.	बढुवा सूचना नं.	पद, सेवा, समूह, उपसमूह	पद संख्या
१.	६९/२०८३-८४	सव-इन्जिनियर, स्थानीय इन्जिनियरिङ, सिभिल	४
२.	७०/२०८३-८४	प्राविधिक सहायक, स्थानीय कृषि	५
३.	७१/२०८३-८४	पशु स्वास्थ्य प्राविधिक, स्थानीय कृषि, भेटेरिनरी	२
४.	७२/२०८३-८४	पशु सेवा प्राविधिक, स्थानीय कृषि, ला.पो.एण्ड डे.डे.	१
५.	७३/२०८३-८४	बरिष्ठ प्रशासन सहायक, स्थानीय प्रशासन, प्रशासन	१२
६.	७४/२०८३-८४	बरिष्ठ लेखा सहायक, स्थानीय प्रशासन, लेखा	१

क्र.सं.	बढुवा सूचना नं.	पद, सेवा, समूह, उपसमूह	पद संख्या
७.	७५/२०८३-८४	महिला विकास निरीक्षक, स्थानीय प्रशासन, विविध	१
८.	७६/२०८३-८४	पब्लिक हेल्थ नर्स, स्थानीय स्वास्थ्य, प.हे.न.	१
९.	७७/२०८३-८४	हेल्थ असिष्टेन्ट, स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन	३

(घ) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा

क्र.सं.	बढुवा सूचना नं.	पद, सेवा, समूह, उपसमूह	पद संख्या
१.	७८/२०८३-८४	सव-इन्जिनियर, स्थानीय इन्जिनियरिङ, सिभिल	३
२.	७९/२०८३-८४	प्राविधिक सहायक, स्थानीय कृषि	४
३.	८०/२०८३-८४	पशु स्वास्थ्य प्राविधिक, स्थानीय कृषि, भेटेरिनरी	३
४.	८१/२०८३-८४	पशु सेवा प्राविधिक, स्थानीय कृषि, ला.पो.एण्ड डे.डे.	२
५.	८२/२०८३-८४	बरिष्ठ प्रशासन सहायक, स्थानीय प्रशासन, प्रशासन	११
६.	८३/२०८३-८४	बरिष्ठ लेखा सहायक, स्थानीय प्रशासन, लेखा	१
७.	८४/२०८३-८४	महिला विकास निरीक्षक, स्थानीय प्रशासन, विविध	१
८.	८५/२०८३-८४	पब्लिक हेल्थ नर्स, स्थानीय स्वास्थ्य, प.हे.न.	१
९.	८६/२०८३-८४	हेल्थ असिष्टेन्ट, स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन	५

दरखास्त दस्तुरः रु. ७००/- (सातसय रुपैया)

दरखास्त दस्तुर बुझाउने स्थानः राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००

कार्यालय कोडः २१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश)

राजस्व शीर्षक नं. १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने ।

नोटः ***https://revenue.fcgo.gov.np*** *बाट भौचर Generate गरी अनलाइन मार्फत भुक्तानी गर्न समेत सकिनेछ । यसरी भुक्तानी गरिएको भौचर प्रिन्ट गरी आफैंले प्रमाणित गरी दरखास्तमा संलग्न गर्नुपर्नेछ।*

प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश, पोखरा

प्रदेश/स्थानीय सेवाका सहायक पाँचौं तहका प्राविधिक तथा अप्राविधिक पदहरूको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

सूचना नं. २०३/२०८३-८४ **प्रकाशन मितिः-२०८३।०८।०९**

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवा र स्थानीय सेवाका पाँचौं तहका देहायका सेवा, समूह, उपसमूहका पदको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://onlineppsc.gandaki.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

क. प्राविधिक पदहरू

क्र.सं.	विज्ञापन नं. ...२०८३-८४	पद, सेवा, समूह, उपसमूह	प्रदेश/ स्थानीय	किसिम/ समूह	पद संख्या	लिखित परीक्षा कार्यक्रम	
						प्रथम पत्र/चरण	द्वितिय पत्र/चरण
१.	५००१	सब-इन्जिनियर, इन्जिनियरिङ., सिभिल, जनरल	प्रदेश	खुला	४	२०८३/१०/०२ बिहान ११:०० बजे	२०८३/१०/०२ दिनको १२:१५ बजे
		सब-इन्जिनियर, इन्जिनियरिङ., सिभिल, स्यानिटरी	प्रदेश	खुला	१		
		सब-इन्जिनियर, इन्जिनियरिङ, सिभिल, इरिगेशन	प्रदेश	खुला	१		
		सब-इन्जिनियर, इन्जिनियरिङ, सिभिल	स्थानीय	खुला	६		
२.	५००२	सब-इन्जिनियर, इन्जिनियरिङ., सिभिल, जनरल	प्रदेश	महिला	१		
		सब-इन्जिनियर, इन्जिनियरिङ, सिभिल	स्थानीय	महिला	२		
३.	५००३	सब-इन्जिनियर, इन्जिनियरिङ., सिभिल, जनरल	प्रदेश	आ.ज.	१		
		सब-इन्जिनियर, इन्जिनियरिङ., सिभिल, इरिगेशन	प्रदेश	आ.ज.	१		
		सब-इन्जिनियर, इन्जिनियरिङ, सिभिल	स्थानीय	आ.ज.	१		
४.	५००४	सब-इन्जिनियर, इन्जिनियरिङ, सिभिल	स्थानीय	दलित	१		
५.	५००५	सब-इन्जिनियर, इन्जिनियरिङ, सिभिल, इरिगेशन	प्रदेश	अपाङ्ग	१		
६.	५००६	सब-इन्जिनियर, इन्जिनियरिङ, सिभिल	स्थानीय	थारु	१		
७.	५००७	सब-इन्जिनियर, इन्जिनियरिङ., सिभिल, जनरल	प्रदेश	मुस्लिम	१		
८.	५००८	सर्भेक्षक, इन्जिनियरिङ, सर्भे	प्रदेश	खुला	१	२०८३/१०/०४ गते दिनको १:०० बजे	२०८३/१०/०४ गते दिनको २:१५ बजे
		सर्भेक्षक, इन्जिनियरिङ, सर्भे	स्थानीय	खुला	१		
९.	५००९	प्राविधिक सहायक, कृषि, बागबानी	प्रदेश	खुला	१	२०८३/१०/०३ गते बिहान ११:०० बजे	२०८३/१०/०३ गते दिनको १२.१५ बजे
		प्राविधिक सहायक, कृषि, बाली संरक्षण	प्रदेश	खुला	१		
		प्राविधिक सहायक, कृषि, बाली बालीबिकास	प्रदेश	खुला	१		
		प्राविधिक सहायक, कृषि	स्थानीय	खुला	८		
१०.	५०१०	प्राविधिक सहायक, कृषि	स्थानीय	महिला	२		
११.	५०११	प्राविधिक सहायक, कृषि	स्थानीय	आ.ज.	२		
१२.	५०१२	प्राविधिक सहायक, कृषि	स्थानीय	दलित	१		
१३.	५०१३	प्राविधिक सहायक, कृषि	स्थानीय	अपाङ्ग	१		

क्र.सं.	विज्ञापन नं. ...२०८३-८४	पद, सेवा, समूह, उपसमूह	प्रदेश/ स्थानीय	किसिम/ समूह	पद संख्या	लिखित परीक्षा कार्यक्रम	
						प्रथम पत्र/चरण	द्वितिय पत्र/चरण
१४.	५०१४	पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी	प्रदेश	खुला	१	२०८३/१०/०९ गते बिहान ११:०० बजे	२०८३/१०/०९ गते दिनको १२:१५ बजे
		पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी	स्थानीय	खुला	४		
		पशु सेवा प्राविधिक, कृषि ला.पो.डे.डे.	स्थानीय	खुला	३		
१५.	५०१५	पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी	स्थानीय	महिला	१		
		पशु सेवा प्राविधिक, कृषि ला.पो.डे.डे.	स्थानीय	महिला	१		
१६.	५०१६	पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी	स्थानीय	आ.ज.	१		
१७.	५०१७	पशु सेवा प्राविधिक, कृषि ला.पो.डे.डे.	स्थानीय	वि.ख.आ.	१		
१८.	५०१८	पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी	प्रदेश	दलित	१		
१९.	५०१९	पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी	स्थानीय	थारु	१		
२०.	५०२०	प्राविधिक सहायक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण	प्रदेश	खुला	१	२०८३/१०/१० गते बिहान ११:०० बजे	२०८३/१०/१० गते दिनको १२:१५ बजे
		प्राविधिक सहायक, प्रशासन, शिक्षा प्रशासन	स्थानीय	खुला	२		
२१.	५०२१	प्राविधिक सहायक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण	प्रदेश	महिला	१		
		प्राविधिक सहायक, प्रशासन, शिक्षा प्रशासन	स्थानीय	महिला	१		
२२.	५०२२	प्राविधिक सहायक, प्रशासन, शिक्षा प्रशासन	स्थानीय	आ.ज.	१		
२३.	५०२३	अकुपञ्चर सुपरभाइजर, स्वास्थ्य, अकुपञ्चर	प्रदेश	खुला	१	२०८३/१०/०५ गते दिनको १:०० बजे	२०८३/१०/०५ गते दिनको २:१५ बजे
२४.	५०२४	अकुपञ्चर सुपरभाइजर, स्वास्थ्य, अकुपञ्चर	प्रदेश	महिला	१		
२५.	५०२५	कविराज, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद	प्रदेश	खुला	१	२०८३/१०/०६ गते दिनको १:०० बजे	२०८३/१०/०६गते दिनको २:१५ बजे
		कविराज, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद	स्थानीय	खुला	१		
२६.	५०२६	कविराज, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद	प्रदेश	आ.ज.	१		
२७.	५०२७	डेण्टल हाइजिनिष्ट, स्वास्थ्य, डेण्टिष्ट्रि, जनरल डेण्टल	प्रदेश	खुला	१	२०८३/१०/०७ गते दिनको १:०० बजे	२०८३/१०/०७ गते दिनको २:१५ बजे
२८.	५०२८	डेण्टल हाइजिनिष्ट, स्वास्थ्य, डेण्टिष्ट्रि, जनरल डेण्टल	प्रदेश	दलित	१		
२९.	५०२९	स्टाफ नर्स, स्वास्थ्य,जनरल नर्सिङ	प्रदेश	खुला	१९	२०८३/१०/१७ गते बिहान ११:०० बजे	२०८३/१०/१७ गते दिनको १२:१५ बजे
		स्टाफ नर्स, स्वास्थ्य,जनरल नर्सिङ	स्थानीय	खुला	३		
३०.	५०३०	स्टाफ नर्स, स्वास्थ्य,जनरल नर्सिङ	प्रदेश	महिला	६		
		स्टाफ नर्स, स्वास्थ्य,जनरल नर्सिङ	स्थानीय	महिला	१		
३१.	५०३१	स्टाफ नर्स, स्वास्थ्य,जनरल नर्सिङ	प्रदेश	आ.ज.	५		
		स्टाफ नर्स, स्वास्थ्य,जनरल नर्सिङ	स्थानीय	आ.ज.	१		
३२.	५०३२	स्टाफ नर्स, स्वास्थ्य,जनरल नर्सिङ	प्रदेश	दलित	२		
३३.	५०३३	स्टाफ नर्स, स्वास्थ्य,जनरल नर्सिङ	प्रदेश	वि.ख.आ.	२		
		स्टाफ नर्स, स्वास्थ्य,जनरल नर्सिङ	स्थानीय	वि.ख.आ.	१		
३४.	५०३४	स्टाफ नर्स, स्वास्थ्य,जनरल नर्सिङ	प्रदेश	थारु	१		
३५.	५०३५	पब्लिक हेल्थ नर्स, स्वास्थ्य, प.हे.न.	स्थानीय	खुला	३	२०८३/१०/१८ गते दिनको १:०० बजे	२०८३/१०/१८ गते दिनको २:१५ बजे
३६.	५०३६	पब्लिक हेल्थ नर्स, स्वास्थ्य, प.हे.न.	स्थानीय	आ.ज.	१		
३७.	५०३७	फार्मेसी सुपरभाइजर, स्वास्थ्य, फार्मेसी	प्रदेश	खुला	३	२०८३/१०/२२ गते बिहान ११:०० बजे	२०८३/१०/२२ गते दिनको १२:१५ बजे
३८.	५०३८	फार्मेसी सुपरभाइजर, स्वास्थ्य, फार्मेसी	प्रदेश	महिला	१		
३९.	५०३९	फार्मेसी सुपरभाइजर, स्वास्थ्य, फार्मेसी	प्रदेश	अपाङ्ग	१		
४०.	५०४०	ल्याव टेक्निसियन, स्वास्थ्य,मे.ल्या.टे., ज.मे.ल्या.टे.	प्रदेश	खुला	१	२०८३/१०/२० गते दिनको १:०० बजे	२०८३/१०/२० गते दिनको २:१५ बजे
४१.	५०४१	ल्याव टेक्निसियन, स्वास्थ्य,मे.ल्या.टे., ज.मे.ल्या.टे.	प्रदेश	महिला	१		
४२.	५०४२	हेल्थ असिष्टेन्ट, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	प्रदेश	खुला	२	२०८३/१०/२३ गते बिहान ११:०० बजे	२०८३/१०/२३ गते दिनको १२:१५ बजे
		हेल्थ असिष्टेन्ट, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	स्थानीय	खुला	८		
४३.	५०४३	हेल्थ असिष्टेन्ट, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	स्थानीय	महिला	२		
४४.	५०४४	हेल्थ असिष्टेन्ट, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	स्थानीय	आ.ज.	२		

क्र.सं.	विज्ञापन नं. ...२०८३-८४	पद, सेवा, समूह, उपसमूह	प्रदेश/ स्थानीय	किसिम/ समूह	पद संख्या	लिखित परीक्षा कार्यक्रम	
						प्रथम पत्र/चरण	द्वितिय पत्र/चरण
४५.	५०४५	हेल्थ असिष्टेन्ट, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	स्थानीय	दलित	१		
४६.	५०४६	हेल्थ असिष्टेन्ट, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	प्रदेश	वि.ख.आ.	१		
		हेल्थ असिष्टेन्ट, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	स्थानीय	वि.ख.आ.	१		
४७.	५०४७	हेल्थ असिष्टेन्ट, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	स्थानीय	थारु	१		
४८.	५०४८	बायोमेडिकल टेक्निसियन, स्वास्थ्य,बायोमेडिकल इन्जिनियरिङ्ग	प्रदेश	महिला	१	२०८३/१०/१२ गते दिनको १:०० बजे	२०८३/१०/१२ गते दिनको २:१५ बजे
४९.	५०४९	रेडियोग्राफर, स्वास्थ्य,रेडियोग्राफी, रेडियोग्राफी	प्रदेश	खुला	२	२०८३/१०/१३ गते दिनको १:०० बजे	२०८३/१०/१३ गते दिनको २:१५ बजे
५०.	५०५०	रेडियोग्राफर, स्वास्थ्य,रेडियोग्राफी, रेडियोग्राफी	प्रदेश	महिला	१		
५१.	५०५१	एनेस्थेसिया सुपरभाइजर, स्वास्थ्य, विविध, एनेस्थेसिया	प्रदेश	खुला	२	२०८३/१०/१४ गते दिनको १:०० बजे	२०८३/१०/१४ गते दिनको २:१५ बजे
५२.	५०५२	एनेस्थेसिया सुपरभाइजर, स्वास्थ्य, विविध, एनेस्थेसिया	प्रदेश	महिला	१		

ख. अप्राविधिक पदहरू

क्र.सं.	विज्ञापन नं. ...२०८३-८३	पद, सेवा, समूह, उपसमूह	प्रदेश/ स्थानीय	किसिम/ समूह	पद संख्या	लिखित परीक्षा कार्यक्रम	
						प्रथम चरण	द्वितीय चरण
१.	५५०१	बरिष्ठ प्रशासन सहायक, प्रशासन, प्रशासन	प्रदेश	खुला	२	२०८३।१०।१६ गते विहान ११.०० बजे	**प्रथम चरणको नतिजा प्रकाशन गर्दाको बखत प्रकाशन गरिनेछ।**
		बरिष्ठ प्रशासन सहायक, प्रशासन, प्रशासन	स्थानीय		१८		
		बरिष्ठ लेखा सहायक, प्रशासन, लेखा	स्थानीय		१		
		बरिष्ठ आ.ले.प. सहायक, प्रशासन, लेखा	स्थानीय		३		
		बरिष्ठ राजश्व सहायक, प्रशासन, राजश्व	प्रदेश		१		
२.	५५०२	बरिष्ठ प्रशासन सहायक, प्रशासन, प्रशासन	स्थानीय	महिला	६		
		बरिष्ठ लेखा सहायक, प्रशासन, लेखा	स्थानीय		१		
३.	५५०३	बरिष्ठ प्रशासन सहायक, प्रशासन, प्रशासन	प्रदेश	आ.ज.	१		
		बरिष्ठ प्रशासन सहायक, प्रशासन, प्रशासन	स्थानीय		४		
		बरिष्ठ आ.ले.प. सहायक, प्रशासन, लेखा	स्थानीय		१		
४.	५५०४	बरिष्ठ प्रशासन सहायक, प्रशासन, प्रशासन	प्रदेश	दलित	१		
		बरिष्ठ प्रशासन सहायक, प्रशासन, प्रशासन	स्थानीय		२		
५.	५५०५	बरिष्ठ प्रशासन सहायक, प्रशासन, प्रशासन	स्थानीय	वि.ख.आ.	२		
६.	५५०६	बरिष्ठ प्रशासन सहायक, प्रशासन, प्रशासन	स्थानीय	अपाङ्ग	२		
७.	५५०७	बरिष्ठ लेखा सहायक, प्रशासन, लेखा	स्थानीय	थारु	१		
		बरिष्ठ आ.ले.प. सहायक, प्रशासन, लेखा	स्थानीय		१		
८.	५५०८	महिला विकास निरीक्षक, प्रशासन, विविध	प्रदेश	खुला	१	२०८३/१०/१५ गते दिनको १:०० बजे	२०८३/१०/१५ गते दिनको २:१५ बजे
९.	५५०९	महिला विकास निरीक्षक, प्रशासन, विविध	स्थानीय	महिला	१		
१०.	५५१०	तथ्याङ्क सहायक, प्रशासन, तथ्याङ्क	स्थानीय	खुला	१	२०८३।१०।१९ दिनको १.०० बजे	२०८३।१०।१९ दिनको २.१५ बजे

परीक्षाको किसिमः- लिखित परीक्षा, सीप परीक्षण र अन्तर्वार्ता **(पाठ्यक्रममा तोकिए बमोजिम)**

परीक्षा केन्द्रः- पोखरा।

दरखास्तको माध्यमः- विज्ञापित सबै पदहरूमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली https://onlineppsc.gandaki.gov.np/ मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटमा हेर्न सकिनेछ।

दरखास्त दिने अन्तिम मितिः- २०८३/०८/२९ सम्म र दोब्बर दस्तुर तिरी २०८३/०९/०७ सम्म।

उम्मेदवारको उमेरको हदः- २०८३/०८/२९ सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको साथै महिला वा अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ। साथै स्वास्थ्य सेवा तर्फका पदमा दरखास्त दिन उमेरको हद १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको

हुनुपर्नेछ। तर संघीय निजामती सेवा, जुनसुकै को निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

दरखास्त दस्तुरः- रु. ७००/- र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको २००/- र थप समूह/पत्रका लागि प्रति समूह थप २००/- बुझाउनुपर्नेछ।

दरखास्त दस्तुर बुझाउने विधि र स्थानः- आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत बैङ्क भौचर सिर्जित भैसकेपछि तोकिएको Payment Service मार्फत् पनि भुक्तानी गर्न सकिनेछ। दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएको बैंकबाट नगद बुझाउन पनि सकिनेछ। ***कुनैपनि विज्ञापनमा एकपटक आवेदन दिईसकेपछि सोही विज्ञापनमा पुनः थप/घट गर्न वा दरखास्त सच्याउन सकिने छैन।***

दरखास्त दस्तुर बुझाउने अवधिः- २०८३।०९।०८ गते सम्म (सार्वजनिक विदा परेमा सार्वजनिक विदा पछि कार्यालय खुलेको दिनको कार्यालय समय भित्र)

अपलोड गर्नुपर्ने कागजातहरूः- उम्मेदवारले शैक्षिक योग्यता (लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र) समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएकै स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफनो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ। व्यवसायिक परिषदको दर्ता प्रमाणपत्र आवश्यक पर्ने पदको लागि सो प्रमाणपत्र समेत अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

अन्तर्वार्ता हुने मितिः- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

पदमा रही गर्नुपर्ने कामको विवरणः- सेवा, समूह सम्वन्धी प्रचलित कानूनले तोके बमोजिम

सेवा, शर्त र सुविधाः- प्रचलित कानून बमोजिम

आवश्यक न्यूनतम योग्यताः

१. **सव-इन्जिनियर, प्रदेश/स्थानीय इन्जिनियरिङ, सिभिल,जनरल/स्यानिटरी/इरिगेशन**	मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
२. **सर्भेक्षक, प्रदेश/स्थानीय इन्जिनियरिङ, सर्भे**	मान्यताप्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोम्याटिक्स इन्जिनियरिङ्गमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण।
३. **प्राविधिक सहायक, प्रदेश/स्थानीय कृषि, बागबानी /बालीसंरक्षण/ बालीविकास**	मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./टी.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।
४. **पशु स्वास्थ्य/सेवा प्राविधिक, प्रदेश/स्थानीय कृषि, भेटेरिनरी/ला.पो.डे.डे**	मान्यताप्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (पशु विज्ञान) उत्तीर्ण वा एस.एल.सी./टी.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Animal Science) उत्तीर्ण वा जे.टी.ए. (पशु विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (पशु विज्ञान) कोर्ष उत्तीर्ण।
५. **प्राविधिक सहायक, प्रदेश शिक्षा/स्थानीय प्रशासन, शिक्षा प्रशासन, निरीक्षण**	मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
६. **अकुपञ्चर सुपरभाइजर, प्रदेश स्वास्थ्य, अकुपञ्चर**	मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह उत्तीर्ण
७. **कविराज, स्थानीय स्वास्थ्य,आयुर्वेद, जनरल आयुर्वेद**	मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
८. **डेण्टल हाइजिनिष्ट, प्रदेश स्वास्थ्य, डेण्टिष्ट्री, जनरल डेण्टल**	मान्यताप्राप्त शिक्षण संस्थाबाट डेण्टल हाइजिनिष्टमा प्रमाणपत्र तह उत्तीर्ण।
९. **स्टाफ नर्स, प्रदेश/स्थानीय स्वास्थ्य, जनरल नर्सिङ**	मान्यताप्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
१०. **पब्लिक हेल्थ नर्स, स्थानीय स्वास्थ्य, प.हे.न.**	मान्यता प्राप्त शिक्षण संस्थाबाट प.हे.न. वा नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण
११. **फार्मेसी सुपरभाइजर, प्रदेश स्वास्थ्य, फार्मेसी**	मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

१२. ल्याव टेक्निसियन, प्रदेश स्वास्थ्य,मे.ल्या.टे., ज.मे.ल्या.टे.	मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याब विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
१३. हेल्थ असिष्टेन्ट, प्रदेश स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण।
१४. बायोमेडिकल टेक्निसियन, प्रदेश स्वास्थ्य, बायोमेडिकल इन्जिनियरिङ्ग	मान्यताप्राप्त शिक्षण संस्थाबाट बायोमेडिकल इन्जिनियरीङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
१५. रेडियोग्राफर, प्रदेश स्वास्थ्य,रेडियोग्राफी, रेडियोग्राफी	मान्यताप्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
१६. एनेस्थेसिया सुपरभाइजर, प्रदेश स्वास्थ्य, विविध, एनेस्थेसिया	मान्यताप्राप्त शिक्षण संस्थाबाट एच.ए. वा स्टाफ नर्स उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिमप्राप्त।
१७. बरिष्ठ प्रशासन सहायक, प्रदेश/स्थानीय प्रशासन, प्रशासन	मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह/प्लस टु वा सो सरह उत्तीर्ण।
१८. बरिष्ठ लेखा सहायक, स्थानीय प्रशासन, लेखा	मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्रमा प्रवीणता प्रमाणपत्र तह/प्लस टु वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह/प्लस टु वा सो सरह उत्तीर्ण।
१९. बरिष्ठ आ.ले.प. सहायक, स्थानीय प्रशासन, लेखा	मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्रमा प्रवीणता प्रमाणपत्र तह/प्लस टु वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह/प्लस टु वा सो सरह उत्तीर्ण।
२०. बरिष्ठ राजस्व सहायक, प्रदेश प्रशासन, राजस्व	मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्व वा कानूनमा प्रवीणता प्रमाणपत्र तह/प्लस टु वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्व वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह/प्लस टु वा सो सरह उत्तीर्ण।
२१. महिला विकास निरीक्षक, प्रदेश/स्थानीय प्रशासन, विविध	मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह/प्लस टु वा सो सरह उत्तीर्ण।
२२. तथ्याङ्क सुपरभाइजर, स्थानीय प्रशासन, तथ्याङ्क	मान्यताप्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित विषयसहित कुनै विषयमा स्नातक वा सोसरह उत्तीर्ण।

खुला तथा समावेशी परीक्षाको लागि सूचना

(क) गण्डकी निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा १९ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

(ख) मिति २०७८/९/७ भन्दा अघि जारी माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (S.L.C.E.) प्रमाणपत्रको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरू (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम D+/Cumulative Grade Point Average (C.G.P.A.) 1.6 रहेको शैक्षिक प्रमाणपत्रलाई मान्यता दिइनेछ ।

(ग) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरूले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

(घ) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ ।

समावेशी समूहतर्फका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारहरूका लागि विशेष निर्देशन

(क) आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ।

(ख) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(ग) **आर्थिक रूपले विपन्न खस/आर्यको हकमा प्रचलित कानून बमोजिम गरिबीको परिचय पत्र प्राप्त गरेको भए सो परिचय पत्र र खस आर्य प्रमाणित सिफारिस पत्र वा गरिबीको परिचय पत्र नभएको हकमा सम्वन्धित स्थानीय तहले "कानून बमोजिम तोकिए भन्दा कम वार्षिक आय भएको विपन्न खस/आर्य समुदायको व्यक्ति"** भनी प्रदान गरेको सिफारिस पेश गर्नुपर्नेछ। **यस्तो सिफारिस पत्र यसै आर्थिक वर्षको हुनुपर्नेछ।**

(घ) अपाङ्गता भएका व्यक्तिको हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र पेश गर्नुपर्नेछ।

(ङ) थारूको हकमा थारू आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा तर, थारू आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(च) मुस्लिमको हकमा मुस्लिम आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा, तर, मुस्लिम आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(छ) मधेसीको हकमा मधेसी आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा, तर, मधेसी आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

द्रष्टव्य

(क) गण्डकी निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (२) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११ को उपदफा (२) बमोजिम **आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र पाउनेछ।**

(ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) गण्डकी निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्।

(घ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ङ) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३८ अनुसार छात्रवृत्तिमा अध्ययन गरी कबुलियतनामा बमोजिम सेवा गरिरहेका उम्मेदवारको हकमा राष्ट्रिय चिकित्सा शिक्षा नियमावलीको नियम २२ को उपनियम (५) बमोजिमको अवधि पूरा भएको प्रमाण पेश गर्नुपर्नेछ।

(च) स्वास्थ्य सेवाको हकमा व्यावसायिक परिषद्को प्रमाणपत्र आवश्यक पर्ने पदमा दरखास्त दिने उम्मेदवारहरुले अनिवार्य रुपमा आफ्नो सेवा, समूहसम्बन्धी व्यावसायिक परिषद्मा दर्ता/नविकरण भै **दरखास्त दिने अन्तिम मिति (सिङ्गल दस्तुर) सम्म म्याद कायम** रहेको हुनुपर्नेछ।

(छ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधि भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(ज) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा लिखित निवेदन दिनुपर्नेछ।

(झ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(ञ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ट)सूचनामा उल्लेखित विषय वाहेक अन्य विषयहरू लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

(ठ)दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेवसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

(ड)पाठ्यक्रम आयोगको वेबसाइट ppsc.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ।

थप जानकारीका लागिः ०६१-४५७८७३

Website:- **http://ppsc.gandaki.gov.np** **E-mail:** gandakipsc2076@gmail.com